# खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागेश्वरी, बाँके
लुम्बिनी प्रदेश, नेपाल


प.सं. २०७९/८० मितिः २०७९।०८।२७
च.नं. ६०८

विषयः श्रमिक नामावली छनोट सम्बन्धमा।

श्री वडा कार्यालयहरु (१,२,३,५,७,८)
खजुरा गाउँपालिका, बाँके ।

प्रस्तुत विषयमा यस खजुरा गाउँपालिका अर्न्तगत रहेको रोजगार सेवा केन्द्र मार्फत आ. व. २०७९/०८० मा संचालन हुने **प्रधानमन्त्री रोजगार कार्यक्रम** र **युवा रोजगारीका लागि रुपान्तरण पहल** आयोजनामा संचालन गरिने योजनाहरुमा संलग्न हुने श्रमिकहरुको नामावली **'बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६'** बमोजिमको प्राथमिकीकरण सूची यसै पत्रसाथ संलग्न गरिएको छ। सोही सूची बमोजिम प्राथमिकीकरणमा रहेका जम्मा १२ जनाको नामावली छनोट गरी ७ दिन भित्र यथाशिघ्र रोजगार सेवा केन्द्रमा पठाउनु हुन अनुरोध छ।

द्रव्यष्टः

१. युवा रोजगारको लागि रुपान्तरण पहल आयोजना अर्न्तगत १ जना अध्यक्ष, १ जना सचिव र कोषाध्यक्ष रहने गरी ५ जनाको समुह ।(उमेर समुह; १८ देखी ४० वर्षसम्मका र ६०% महिला सहभागिता हुनु पर्ने)
२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १ जना अध्यक्ष १ जना सचिव र कोषाध्यक्ष रहने गरी ७ जनाको समुह।।(उमेर समुह; १८ देखी ५९ वर्षसम्मका)
३. **'बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६'** बमोजिमको प्राथमिकीकरण सूची वडाको सुचनापाटीमा प्रकाशित गर्नुपर्ने ।

बोधार्थः

१. श्री सूचना तथा प्रविधि शाखा; इमेल मार्फत पत्राचार गरिदिने, खजुरा गाउँपालिका।
२. श्री अध्यक्ष तथा उपाध्यक्ष ज्यूको सचिवालय, खजुरा गाउँपालिका;।

नृपराज उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत